आज मिति २०८२ साउन महिनाको २५ गते नेपाल सम्वत ११४५ गुंलागा पारु आईतबारको दिन विहान ११ बजे पालुङटार नगरपालिकाका नगर प्रमुख श्री बिवस चिन्तनज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकमा निम्न व्यक्तिहरुको उपस्थितिमा निम्न निर्णय भई सम्पन्न भयो।

| सि.नं. | नाम थर | पद | वडा नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | विवस चिन्तन | नगर प्रमुख | पालुङटार ४ गोरखा | |
| २ | बन्दना पाण्डे | उप प्रमुख | पालुङटार ६ गोरखा | |
| ३ | कृष्ण बहादुर परियार | वडा अध्यक्ष | पालुङटार १ गोरखा | |
| ४ | कृष्ण बहादुर थापा मगर | वडा अध्यक्ष | पालुङटार २ गोरखा | |
| ५ | रबिन्द अधिकारी | वडा अध्यक्ष | पालुङटार ३ गोरखा | |
| ६ | मान बहादुर पौडेल | वडा अध्यक्ष | पालुङटार ४ गोरखा | |
| ७ | दीपक पाण्डे | वडा अध्यक्ष | पालुङटार ५ गोरखा | |
| ८ | चेत बहादुर गुरुङ | वडा अध्यक्ष | पालुङटार ६ गोरखा | |
| ९ | अर्जुन बहादुर कुमाल | वडा अध्यक्ष | पालुङटार ७ गोरखा | |
| १० | होप बहादुर नेपाली | वडा अध्यक्ष | पालुङटार ८ गोरखा | |

CS Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ११ | भेज राज पाण्डे | वडा अध्यक्ष | पालुङ्टार ९ गोरखा | |
| १२ | रिखिराज धौराली | वडा अध्यक्ष | पालुङ्टार १० गोरखा | |
| १३ | मनिका अधिकारी लिम्बु | कार्यपालिका सदस्य | पालुङ्टार २ गोरखा | |
| १४ | पार्वती नेपाली | कार्यपालिका सदस्य | पालुङ्टार २ गोरखा | |
| १५ | मिना सुनार | कार्यपालिका सदस्य | पालुङ्टार ४ गोरखा | |
| १६ | हर्क बहादुर नेपाली | कार्यपालिका सदस्य | पालुङ्टार ५ गोरखा | |
| १७ | पम्फा वि.क. सुनार | कार्यपालिका सदस्य | पालुङ्टार ७ गोरखा | |
| १८ | अर्जुन वि.क. | कार्यपालिका सदस्य | पालुङ्टार ८ गोरखा | |
| १९ | मिन माया लामा | कार्यपालिका सदस्य | पालुङ्टार ९ गोरखा | |
| २० | देवि माया योगी | कार्यपालिका सदस्य | पालुङ्टार १० गोरखा | |
| २१ | कमानसिं थापामगर | सदस्य सचिव | | |

**कर्मचारीहरु**

| | | | | |
|---|---|---|---|---|
| १ | धनेन्द्र श्रेष्ठ | योजना शाखा | | |
| २ | राम जनम चौधरी | योजना शाखा | कैलारी गापा-३, [illegible] | |

# पालुङ्टार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङ्टार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

विषयः नदीजन्य पदार्थको न्यूनतम दररेटमा १०% वृद्धि गर्ने सम्बन्धमा ।

कार्यपालिकाको बैठकमा प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृत प्राप्त मिति :- २०८२/०४/२१

१. विषयको संक्षिप्त विवरण :

पालुङटार नगरपालिका भित्रका नदीहरुमा रहेका IEE स्वीकृत घाटहरु तथा निजी जग्गाहरुबाट ढुंगा चुनढुंगा,खरीढुंगा,गिट्टी ,ग्राभेल,रोडा बालुवाको राजस्व गण्डकी प्रदेश सरकार आर्थिक ऐन २०८२ बमोजिम १०% बढाउन तथा घटाउन पाइने प्रावधान भएको हुँदा आय ठेक्का व्यवस्थापन वा बिक्रि वितरण गर्दा गण्डकी प्रदेश सरकारले तोकेको प्रति क्यू फिट रु ७ को दररेटमा १०% को दरले बढाउन पर्ने ।

२. प्राप्त परामर्श तथा अन्य प्रासँगिक कुरा :

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ (क)बमोजिम नदिजन्य पदार्थ को व्यवस्थापन गर्नु पर्ने

गण्डकी प्रदेश सरकारको आर्थिक ऐन २०८२ को दफा ८ को उपदफा १ को अनुसूची ७ बमोजिम भौगोलीक विकटाता तथा यातायातको सुविधाको आधारमा कार्यपालिकाको निर्णयले न्यूनतम दररेटमा १०% सम्म घटीबढी गर्न सक्ने ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र सम्बन्धित शाखाको सिफारिसः

गत वर्षहरुमा पनि नदीजन्य प्रति क्यू फिट दररेट रु ९ को दरले ठेक्का तथा बिक्रि वितरण गर्दा पनि नदीजन्य पदार्थको माग उच्च भएको साथै राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त योजनाहरुको निर्माण कार्य सम्पन्न गर्न नदीजन्य पदार्थको माग उच्च रहेको हुँदा नगरपालिकाको आन्तरिक आय थप वृद्धि गर्न न्यूनतम दररेटमा १०% को बढाउन आवश्यक देखिएको ।

४. निर्णय हुनुपर्ने व्यहोराः

नदीजन्य पदार्थको न्यूनतम दररेट रु ७ मा १०% वृद्धि गर्ने।

Scanned with CamScanner

## प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय प्रमाणित

मिति २०८२-०४-२५ गतेको नगर कार्यापलिकाको १०५ औं बैठकमा नदीजन्य पदार्थको न्यूनतम दररेट रु ७ मा १० प्रतिशत बृद्धि गर्ने सम्वन्धमा प्रस्ताव पेश भएकोमा प्रस्तावमा लेखिए बमोजिम गर्ने ।

कमानसिं थापामगर

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८२-०४-२६

Scanned with CamScanner

**विषय :- समायोजन भएका विद्यालयको खाली जग्गा र भवन उपयोग सम्बन्धमा।**

**कार्यपालिकाको बैठकमा प्रस्ताव पेश गर्न स्वीकृत प्राप्त मिति :- २०८२-०४-२१**

**१. बिषयको संक्षिप्त विवरण :**

नेपालको संविधानको अनुसूची ८ बमोजिम आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय सरकारको एकल अधिकार सूची भित्र रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ ज (५) ले गाभिएका वा बन्द गरिएका विद्यालयहरुको सम्पत्ति व्यवस्थापनको कार्य नगरपालिकाको काम, कर्तव्य र अधिकार भित्र राखेको छ।गत आ.व हरुमा समायोजन भएका विद्यालयहरुको खाली जग्गा तथा भवन लगायत भौतिक सम्पत्तिहरु उपयोग विहिन रहेकोले उक्त सम्पत्तिहरुको हालको वस्तुनिष्ठ अवस्थाका बारेमा अध्ययन गरी अन्य सार्वजनिक प्रयोजनमा ल्याउँदै उपयोग, सम्वर्धन एवं संरक्षण गर्न आवश्यक रहेको छ।

**२. प्राप्त परामर्श तथा अन्य प्रासँगिक कुरा :**

विद्यालय समायोजन तथा एकीकरण र शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यदलले नगरको वर्तमान जनसाँङख्यिकीय विवरण, पूर्वाधार विकासको अवस्था, विद्यार्थी संख्या, विद्यालयहरुको सेवाक्षेत्र, शिक्षा क्षेत्रको लगानी र उच्चतम सदुपयोग तथा शिक्षामा सबै बालबालिकाको पहुँच सूनिश्चितता लगायतको पक्षहरुलाई मध्यनजर गरी पेश गरेको प्रतिवेदनमा आधारित भई पालुङटार नगरकार्यपालिकाले विद्यालय समायोजन सम्बन्धी निर्णयहरु गर्दै आइरहेको छ । नगरकार्यपालिकाको मिति २०८२/०१/३१ गतेको निर्णयानुसार विद्यालय समायोजन तथा एकीकरण पश्चात् साविकको विद्यालयको भौतिक सम्पत्ति व्यवस्थापनको लागि सम्बन्धित वडाको वडा शिक्षा समितिले ३० दिन भित्र सरोकारवाला पक्षहरुसंगको छलफल र सहमतिमा प्रतिवेदन तयार गरी नगर कार्यपालिका समक्ष निर्णयार्थ पेस गर्नुपर्ने र सो नभएसम्मको लागि आफ्नो विद्यालयमा समायोजन हुने विद्यालयको भौतिक सम्पत्ति रेखदेख र संरक्षण गर्ने जिम्मेवारी समायोजन भएको विद्यालयले गर्नुपर्ने भन्ने भएतापनि हालसम्म वडा शिक्षा समितिहरुबाट सिफारिस भई नआएकोले थप अध्ययन जरुरी रहेको छ।

**३. प्रस्ताव पेश गर्नुपर्ने कारण र सम्बन्धित शाखाको सिफारिस:**

समुदायस्तरबाट नै पहलबाट विद्यालयको स्थापना भएको हो। विद्यालय स्थापनाका क्रममा व्यक्ति, समुदाय, सरकारी तथा गैरसरकारी संस्थाहरुको तर्फबाट लगानी भएको हुन्छ। वि.सं. २०७२ सालको भुकम्प पश्चात् एउटै विद्यालयका आधारभूत भौतिक संरचनाहरुको विकासमा राज्यकोषबाट करोडौँ खर्च भएका छन्। पक्की भवन, शौचालय लगायतको संरचना सबै विद्यालयहरुमा रहेका छन्। विद्यार्थी संख्याको अभावका कारण विद्यालय सञ्चालनमा आउन नसकेपनि मौजुदा भौतिक संरचनाहरुको संरक्षण गर्दै उपयोग गर्न आवश्यक देखिएको छ।

कमानसिं थापामगर
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङटार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

**४. निर्णय हुनुपर्ने व्यहोराः**

क. तपशिल बमोजिमका विद्यालयहरुको नाममा दर्ता भएका तर हाल खाली रहेका घर जग्गाको स्थलगत अध्ययन गरी के-कति क्षेत्रफलमा रहेको, सडक तथा अन्य पूर्वाधारको सुविधा रहे / नरहेको, विद्युत् तथा फर्निचर सम्बन्धी सुविधा रहे / नरहेको, स्थानीय स्तरमा कुनै सरकारी कार्यालय स्थानान्तरण गर्नुपर्ने भए / नभएको ? लगायतको विषयमा अध्ययन गरी भाडामा लगाउन उपयुक्त हुने/नहुने, हुने भए के कति दररेटमा भाडामा लगाउन सकिने हो? सो समेत खुलाई १५ दिन भित्र प्रतिवेदन पेश गर्ने गरी प्रचलित कानुन बमोजिम सुविधा उपलब्ध हुने गरी समायोजित विद्यालय भौतिक सम्पत्ति अध्ययन मूल्याङ्कन समिति गठन गर्ने ।

**तपशिलः**

१. द्रव्यशाह प्रा.वि., पालुङटार-२ (बालविकास मात्र सञ्चालित)
२. लामाटारी प्रा.वि.पालुङ्टार-६
३. लप्सीचौर प्रा.वि.पालुङटार-१०
४. शारदा प्रा.वि. पालुङ्टार-३
५. नमुना बालविकास प्रा.वि. पालुङटार २
६. हिमालय प्रा.वि. पालुङटार-२ (बालविकास मात्र सञ्चालित)
७. त्रिभुवन प्रा.वि. पालुङटार १ (बालविकास मात्र सञ्चालित)
८. रामज्योति प्रा वि पालुङटार ९
९. स्थानीका प्रा.वि. पालुङटार-१
१०. जनचेतना आ वि पालुङटार-२
११. हिमालय आ वि पालुङटार-२
१२. देविस्थान आ वि पालुङटार-१
१३. सुदर्शन आ वि पालुङटार-४

**समितिः**

१. संयोजकः मनोज नेपाली सिर्मल- उपसचिव (नवौं) शिक्षा युवा तथा खेलकुद शाखा
२. सदस्यः विद्यालय रहेको वडाको वडाध्यक्ष वा निजले तोकेको जनप्रतिनिधि
३. सदस्यः टुक प्रसाद पौडेल- शाखा प्रमुख जिन्सी इकाई
४. सदस्यः नविन पोखरेल- शाखा प्रमुख पुर्वाधार शाखा
५. सदस्य सचिवः दिनेश कुमाल-शाखा प्रमुख राजश्व शाखा

कमानसिं थापामगर
प्रमुख प्रशासकीय अधिकृत

CS Scanned with CamScanner

# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल

विषय : पालुङटार नगरपालिकामा तीन पाङ्ग्रे सवारी साधन सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ पारित गर्ने सम्वन्धमा ।

**कार्यपालिका बैठकमा पेश गर्न स्वीकृत मिति: २०८२-०४-२१**

१. विषयको संक्षिप्त व्यहोरा : नगरपालिकाभित्र यातायात सेवालाई सहज बनाउन, तीन पाङ्ग्रे सवारी साधनलाई व्यवस्थित रुपले सञ्चालन गर्न आवश्यक देखिएकोले सोको सूचीकरण, नवीकरण र रुट इजाजत पत्रको समुचित व्यवस्थापन गर्न आवश्यक कार्यविधि बनाई सञ्चालन गर्न उपयुक्त हुने भएको ।

२. प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुरा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (४) (ट) र पालुङटार नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बनाएको तीन पाङ्ग्रे सवारी साधन सञ्चालन तथा व्यवस्थापन कार्यविधि कार्यपालिकामा पेश गर्नको लागि यो प्रस्ताव पेश गरिएको छ ।

३. प्रस्ताव पेश गर्नुको कारण र सम्बन्धित शाखाको सिफारिस : नगरपालिकाभित्र यातायात सेवालाई सहज बनाउन, तीन पाङ्ग्रे सवारी साधनलाई व्यवस्थित रुपले सञ्चालन गर्न आवश्यक देखिएकोले सोको सूचीकरण, नवीकरण र रुट इजाजत पत्रको समुचित व्यवस्थापन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (४) (ट) र पालुङटार नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी कार्यविधिको मस्यौदा कार्यपालिकामा पेश गर्नको लागि यो प्रस्ताव पेश गरिएको छ ।

४. निर्णय हुनु पर्ने व्यहोरा : तीन पाङ्ग्रे सवारी साधन सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ को मस्यौदा विद्यायन समितिमा छलफलको लागि पठाउने।

4/22

कमानसिं थापामगर
प्रमुख प्रशासकीय अधिकृत

CS Scanned with CamScanner

**विषय : बैदेशिक भ्रमण स्वीकृति सम्वन्धमा ।**

**कार्यपालिका बैठकमा पेश गर्न स्वीकृत मितिः २०८२-०४-२१**

**१. विषयको संक्षिप्त व्यहोरा :**

कतारको जनस्वास्थ्य मन्त्रालयबाट पालुङटार नगरपालिकाको उप- प्रमुख श्री वन्दना पाण्डेलाई सन् २०२५ सेप्टेम्बर ३० देखि अक्टोबर १ सम्म दोहा, कतारमा आयोजना हुने ६ औं Global Ministerial Mental Health Summit कार्यक्रममा सहभागी हुनका लागि निमन्त्रणा प्राप्त भएको छ । नगरपालिकाको तर्फबाट मानसिक स्वास्थ्य क्षेत्रसँग सम्बन्धित अन्तर्राष्ट्रिय अनुभव र ज्ञान आदान–प्रदान गर्न उक्त कार्यक्रममा सहभागिता जनाउनु उपयुक्त हुने भएकोले यस सम्बन्धमा निर्णय गर्नु पर्ने भएको छ।

**२. प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुरा :**

स्थानीय तहको पदाधिकारीहरुको विदेश भ्रमण सम्वन्धी निर्देशिका, २०७५ को दफा ४ (ख) बमोजिम स्थानीय तहको पदाधिकारीहरुको वैदेशिक भ्रमणको मनोनयन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीबाट हुनुपर्ने सोही निर्देशिकाको दफा ५ को उपदफा १ बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा भ्रमण स्वीकृतिका लागि अनुसूची १ प्रमाणित गरी सिफारिस गर्नु पर्ने व्यवस्था रहेको।

**३. प्रस्ताव पेश गर्नुको कारण र सम्वन्धित शाखाको सिफारिस :**

नेपाल सरकारको स्वास्थ्य तथा जनसख्या मन्त्रालयले पालुङटार नगरपालिकालाई मानसिक स्वास्थ्य नमुना नगरपालिकाको रुपमा पनि गरेको छ । मानसिक स्वास्थ्य सेवामा अन्तर्राष्ट्रिय स्तरको ज्ञान, अनुभव र प्रविधि आदान–प्रदानका लागि ६औं Global Ministerial Mental Health Summit मा पालुङटार नगरपालिकाको प्रतिनिधित्व लागि कतारको स्वास्थ्य मन्त्रालयबाट प्राप्त निमन्त्रणाको आधारमा उप–प्रमुख श्री वन्दना पाण्डेलाई सो कार्यक्रममा सहभागी हुन पठाउन मनोनयनका लागि सिफारिस गर्न उपयुक्त हुने देखिन्छ।

**४. निर्णय हुनु पर्ने व्यहोरा :**

कतारमा २०२५ सेप्टेम्बर ३० देखि अक्टोबर १ सम्म हुने ६औं Global Ministerial Mental Health Summit कार्यक्रममा आतेजाते लगायत भ्रमण सम्वन्धी सम्पुर्ण खर्च आयोजकले व्यहोर्ने गरी उप–प्रमुख श्री वन्दना पाण्डेलाई सहभागीता लागि मनोनयन स्वीकृत गर्ने प्रयोजनार्थ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारीस गर्ने।

कमानसिं थापामगर
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# पालुङ्टार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङ्टार, गोरखा
## गण्डकी प्रदेश, नेपाल

विषय :- नगर शिक्षा ऐन, २०७५ संशोधन सम्बन्धमा।

कार्यपालिकाको बैठकमा प्रस्ताव पेश गर्न स्वीकृत प्राप्त मिति :- २०८२-०४-२१

१. बिषयको संक्षिप्त विवरण :

नेपालको संविधानको अनुसूची ८ बमोजिम आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय सरकारको एकल अधिकार सूची भित्र रहेको छ । यस्तै गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ ज बमोजिमका २३ वटा अधिकारहरुको उपयोगका लागि सोही ऐनको दफा १०२ (१) को अधिकार उपयोग गरी नगरको शिक्षा क्षेत्रलाई व्यवस्थित तथा प्रभावकारी बनाउँदै शिक्षाको गुणस्तर अभिवृद्धि गर्न तथा यस क्षेत्रमा हुने लगानीलाई अधिक प्रतिफलयुक्त बनाउन शिक्षा ऐनमा आवश्यक सुधार गर्नुपर्ने देखिएको छ ।

२. प्राप्त परामर्श तथा अन्य प्रासँगिक कुरा :

नेपालको संविधानको अनुसूची ८ मा आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय सरकारको एकल अधिकार सूची भित्र रहेको तथा अनूसूची ९ मा तीनै तहको साझा अधिकार भित्र शिक्षा तथा पत्रपत्रिका रहेको छ । त्यस्तै गरी संविधानको धारा २२६ मा अनूसूची ८ र ९ मा उल्लेखित विषयमा गाउँ तथा नगरसभाले आवश्यक कानुन बनाउन सक्ने प्रावधान रहेको छ । सोही प्रावधानहरुमा आधारित भइ पालुङटार नगरसभाले मिति २०७५।०३।२० गते पालुङटार नगर शिक्षा ऐन, २०७५ जारी गरेको छ भने पालुङटार नगर शिक्षा ऐन, २०७५ को पहिलो संशोधन २०७७ मा गरेको पाइन्छ । यसक्रममा हालसम्म पनि नेपालको संविधान जारी भएपछि नयाँ शिक्षा ऐन जारी हुन सकेको छैन । संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकार प्रचलनका लागि नगरको शिक्षा ऐन धेरै विषयमा अपुरो रहिआएको छ भने केही प्रावधानहरु बाझिने खालका समेत रहेको छन्। सो का लागि नगर शिक्षा ऐन २०७५, मा समयानुकुल संशोधन गर्नुपर्ने देखिन्छ ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र सम्बन्धित शाखाको सिफारिसः

यस नगरको बदलिँदो जनसाँख्यिक अवस्था, आधारभूत पूर्वाधारहरुको विकास, शैक्षिक तथा मानवीय विकासको आवश्यकताले औपचारिक, अनौपचारिक तथा जीवनपर्यन्त सिकाइका कार्यक्रमहरु व्यवस्थित रुपमा सञ्चालन गर्नु पर्ने हुन्छ । नगर भित्रका प्रत्येक नागरिकलाई अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा तथा निशुल्क माध्यमिक शिक्षामा पहुँचको सुनिश्चितता गर्दै गुणस्तर अभिवृद्धिमार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा प्रतिस्पर्धी नागरिक उत्पादनका लागि यस क्षेत्रमा तथ्यमा आधारित र भविष्यपरक कानुन अति आवश्यक रहेकोले शिक्षा ऐन संसोधन वा नयाँ डाप्ट गर्न नगरकार्यपालिको सैद्धान्तिक सहमति आवश्यक छ ।

४. निर्णय हुनुपर्ने व्यहोराः

क. पालुङटार नगर शिक्षा ऐन, २०७५ मा आवश्यक संशोधन वा नयाँ शिक्षा ऐन मस्यौदा तयारीका लागि सैद्धान्तिक सहमति प्रदान गर्ने ।

२।२१

कमानसिं थापामगर
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# पालुङ्टार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङ्टार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

**विषय : राष्ट्रिय परिचयपत्रको विवरण संङ्कलनका लागि कर्मचारी माग गर्ने सम्बन्धमा।**

**कार्यपालिका बैठकमा पेश गर्न स्वीकृत मिति: २०८२-०४-२१**

**१. विषयको संक्षिप्त व्यहोरा :**

नेपाल सरकारले आ.व २०६६/०६७ को बार्षिक नीति तथा कार्यक्रममा सबै नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्र मार्फत डिजिटल परिचय निर्माण गरि नागरिकको परिचयलाई एकिकृत गर्ने निर्णय भएको। साथै परिचयपत्र निर्माणका लागि नगर/ वडा स्तरमा समेत टोलीहरु परिचालन भई विवरण सङ्कलनको कार्य गरिरहेको।

**२. प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुरा :**

राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा १० (१) मा सरकारी तथा निजी क्षेत्रबाट प्रदान गरिने कुनै पनि सेवा सुविधा प्राप्त गर्न वा त्यस्तो सेवा सुविधा माग गर्दा राष्ट्रिय परिचय पत्र पेश गर्नु पर्ने भन्ने व्यवस्था रहेको तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापनको रणनीतिक योजना २०७५ र राष्ट्रिय परिचयपत्र वितरणका लागि नेपाली नागरिकता प्राप्त व्यक्तिको विवरण दर्ता तथा राष्ट्रिय परिचय पत्र वितरण सम्बन्धी कार्यविध, २०७५ बमोजिम सबै नागरिकको विवरण सङ्कलन तथा वितरण गर्नु पर्ने हुन्छ।

**३. प्रस्ताव पेश गर्नुको कारण र सम्वन्धित शाखाको सिंफारिस :**

जेष्ठ नागरिक लगायतका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई समेत अनिवार्य रुपमा राष्ट्रिय परिचयपत्र आवश्यक पर्ने वाध्यकारी व्यवस्था रहेको तर नगरपालिकाको वडा नं २ मा संङ्कन गरिएको विवरण अभिलेखबाट हराएको साथै अन्य वडाहरुमा समेत राष्ट्रिय परिचय पत्र दर्ता गराउन अत्याधिक माग भै आएको हुनाले नगरपालिकामा नै कर्मचारी खटाई राष्ट्रिय परिचय पत्र सम्बन्धि कार्य गराई दिने व्यवस्थाका लागि जिल्ला प्रशासन कार्यालय गोरखा, मार्फत राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागलाई अनुरोध गर्नु पर्ने भएकोले।

**४. निर्णय हुनु पर्ने व्यहोरा :**

राष्ट्रिय परिचयपत्र दर्ता कार्यका लागि जिल्ला प्रशासन कार्यालय, गोरखा मार्फत राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागलाई कर्मचारी खटाईदिन अनुरोध गर्ने र सो कर्मचारीहरुलाई प्रचलिन कानुन बमोजिम पद (श्रेणी/ तह)अनुसारको पारिश्रमिक नगरपालिकाले उपलब्ध गराउने।

कमानसिं थापामगर
प्रमुख प्रशासकीय अधिकृत

CS Scanned with CamScanner